कर्णाली प्रदेश सरकार
उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत नेपाल

## उपयुक्त प्रविधि हस्तान्तरण सम्बन्धी प्रस्ताव आव्हानको सूचना

**प्रथम पटक प्रकाशित मितिः- २०७७/०७/२३**

चालु आ.व.०७७/७८ को स्विकृत कार्यक्रम र बजेटको परिधि भित्र रही सुर्खेत जिल्लामा रहेका लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक मेशिन, ज्यावल तथा औजार, उपकरणहरु लागत सहभागीताका आधारमा बढीमा रु.२ लाख सम्मको अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा इच्छुक उद्यमीहरुले यो सुचना प्रकाशन भएको मितिले १५ दिन भित्र देहायका कागजातहरु संलग्न गरिं निवेदन पेश गर्नुहुन यो सुचना प्रकाशित गरिएको छ।

क. कार्यक्रम/आयोजनाको नाम : उद्यमीहरुका लागि उपयुक्त प्रविधि हस्तान्तरण ।

ख. उद्देश्य : लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक मेशिन, ज्यावल तथा औजार, उपकरणहरु लागत सहभागितामा उपलब्ध गराउने ।

ग. कार्यक्रम/आयोजना संचालन हुने स्थान : सुर्खेत जिल्ला ।

<u>संलग्न गर्नुपर्ने कागजात</u> :

१. अनुसूची-१ बमोजिको निवेदन र उद्यमीको नेपाली नागरिकताको प्रतिलिपि ।

२. उद्योग दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि ।(कम्तीमा सूचना प्रकाशन भएको मितिले १ वर्ष अगाडी दर्ता भएको हुनुपर्ने।)

३. कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा अडिड रिपोर्ट (म्याद समाप्त भएको भए म्याद थमौती पत्र समेत)

४. उद्योग सञ्चालित अवस्थामा रहे/नरहेको, रोजगारीको विवरण तथा अनुदान उपलब्ध गराइदिने व्यहोराको स्थानीय तहको सिफारिस।

५. अन्य/विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरेको/नगरेको सम्बन्धमा स्वःघोषणा पत्र ।

६. आवश्यक सामाग्रीसंग मेल खाने कम्तिमा कुनै १ (एक) कम्पनीको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर । ब्रोसियरमा अनुदानग्राहीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्ने ।

७. साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम लगायत अन्य सरकारी निकायबाट तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको भए प्रमाणपत्रको प्रतिलिपि ।

८. दलित तथा अपाङ्गता भएका उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपि (कम्पनी, सहकारी तथा साझेदारी फर्मको हकमा लागू नहुने)।

९. तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्बन्धी कागजातको प्रतिलिपि ।

<u>नोट</u> :

क. यो कार्यक्रम मार्फत १ लाख सम्म लागत पर्ने मेशिन औजार भए ६० प्रतिशत र २ लाख भन्दा बढी लागत पर्ने भए ५० प्रतिशत वा ५० प्रतिशतले २ लाख नाघ्ने भएमा २ लाखमा नबढ्ने गरी सहयोग गर्न सकिनेछ ।

ख. अनुदानग्राहीको उद्योग दर्ता भै सञ्चालन अवस्थामा रहेको हुनुपर्नेछ । अनुदानग्राही प्रोप्राइटर फर्म भएमा प्रोप्राइटरलाई अनुदानग्राही मानिनेछ, साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई अनुदानग्राही मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ भने कम्पनीको फर्मको हकमा कम्पनीको निर्णयानुसार अख्तियारवाला तोकी निजबाट कागजात पेश भएको हुनुपर्नेछ ।

ग. अनुदानग्राहीले सि.नं.१ देखि ६ सम्मका कागजात अनिवार्यरुपमा पेश गर्नुपर्ने ।

घ. अनुदानग्राहीले पेश गर्ने प्रत्येक कागजातको पछाडी स्वयम प्रमाणित गरेको हुनुपर्नेछ ।

ङ. अनुदानग्राहीले प्रस्ताव अनिवार्य रुपमा सिलबन्दी गरी पेश गर्नुपर्नेछ ।

च. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव दर्ता गराउन सकिनेछ ।

<u>पुनश्च</u> : थप जानकारीको लागि कार्यालय समय भित्र टेलिफोन नं.०८३-५२०१३४ मा सम्पर्क गर्नु होला ।

निर्देशक